# स्वतः प्रकाशन

२०८२

## माघ-चैत्र

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

हेटौंडा, नेपाल

प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५ बमोजिम सार्वजनिक गरिएको

# आ.व. २०८२/८३ को तेस्रो त्रैमासिकमा सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

(स्वतः प्रकाशन)

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## जनस्वास्थ्य कार्यालय, मकवानपुर

हेटौंडा, नेपाल

# विषयसूची


१. कार्यालयको स्वरूप र प्रकृति............................................................२

२. कार्यालयको काम, कर्तव्य र अधिकार............................................................२

३. कार्यालयमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण............................................................३

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, शाखा/इकाइ र जिम्मेवार अधिकारी...... ८

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी............................................................९

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी............................................................९

७. सम्पादन गरेको कामको विवरण............................................................९

८. सूचना अधिकारी र प्रमुखको नाम र पद............................................................१५

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची (मुख्य–मुख्य)............................................................१५

१०. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण............................................................१५

११. विगतमा कार्यालयले सञ्चालन गरेको कार्यक्रम............................................................१५

१२. अन्य विवरण............................................................१५

## १. कार्यालयको स्वरूप र प्रकृति

नेपालको संविधानअनुसार नेपाल एकात्मक राज्य प्रणालीबाट सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय प्रणालीमा गएको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा तिनै तहको सरकारको एकल र साझा अधिकारको सूची राखिएको छ। जसमा स्वास्थ्य तिनै तहको सरकारको एकल र साझा अधिकारको सूचीमा समावेश भएको छ। आधारभूत स्वास्थ्य र सरसफाइ स्थानीय तहको एकल अधिकारको सूचीअन्तर्गत पर्दछ भने प्रदेश सरकारको एकल र साझा अधिकारको सूचीमा स्वास्थ्य सेवा समावेश भएको छ। बागमती प्रदेश सरकार २०७४ मा गठन भएपश्चात् तत्कालीन सामाजिक विकास मन्त्रालयको सङ्गठन संरचनामा स्वास्थ्य निर्देशनालयअन्तर्गत स्वास्थ्य कार्यालयको स्थापना भएको हो। त्यसअघि जिल्लाभरीको स्वास्थ्य सेवा व्यवस्थापनको कार्य जिल्ला जनस्वास्थ्य कार्यालयले गर्दथ्यो। मिति २०८०/९/३ गतेको बागमती प्रदेश सरकारको निर्णयबमोजिम स्वीकृत भएको सङ्गठन संरचन अनुसार स्वास्थ्य मन्त्रालयमातहत रहेको स्वास्थ्य निर्देशनालयअन्तर्गत हालको जनस्वास्थ्य कार्यालय स्थापना भई सञ्चालनमा आएको हो।


## २. कार्यालयको काम, कर्तव्य र अधिकार

बागमती प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/९/३ गते स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबमोजिम यस कार्यालयको कामहरू देहायअनुसार रहेको छ

- जनस्वास्थ्य सेवासँग सम्बन्धित विषयमा प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग, एवं तोकिएबमोजिम प्रदेशको निर्देशन भएअनुसार योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने,
- कार्यक्षेत्रभित्रका स्थानीय तह तथा स्थानीय स्वास्थ्य संस्थाहरूलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तरीय एवम् सम्वेदनशील औषधी तथा स्वास्थ्य सामग्री भण्डारण तथा वितरण गर्ने,
- जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद्, महामारी व्यवस्थापन, सहजीकरण र समन्वय गर्ने,
- स्वास्थ्यसम्बन्धी अभियान, शिविर सञ्चालन, आपसी समन्वय र सहजीकरण गर्ने,
- एकीकृत स्वास्थ्य सूचना विश्लेषण र अध्ययन गरी सोअनुसार योजना बनाउने,
- सरकारी, निजी, सहकारीद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरूको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तरसम्बन्धी कार्य गर्ने,
- स्वास्थ्यकर्मीहरूको क्षमता विकास, खानेपानी, वातावरणीय सरसफाइ र पेशागत स्वास्थ्य प्रवर्द्धन एवं व्यवस्थापनजस्ता कार्यहरू गर्ने

## ३. कार्यालयमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण

### सङ्गठन संरचना




### दरबन्दी तेरिज

| क्र.सं. | पदको विवरण | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १. | वरिष्ठ/जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई | ९/१० | १ |
| २. | वरिष्ठ/जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | हे.ई | ७/८ | २ |
| ३. | वरिष्ठ/स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य | हे.ए | ७/८ | १ |
| ४. | तथ्याङ्क अधिकृत | आ.यो.त. | तथ्याङ्क | ७/८ | १ |
| ५. | सहायक/अधिकृत | प्रशासन | सा.प्र | ५/६ | १ |
| ६. | सहायक/अधिकृत | प्रशासन | लेखा | ५/६ | १ |
| ७. | हे.अ.वा सो सरह | स्वास्थ्य | हे.ई | ५/६/७ | ३ |
| ८. | स्टाफ नर्स | स्वास्थ्य | ज.न. | ५/६ | २ |
| ९. | पब्लिक हेल्थ नर्स | स्वास्थ्य | क.न | ५/६/७ | १ |
| १०. | ल्याब टेक्निसियन | स्वास्थ्य | मे.ल्या.टे | ५/६/७ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | कोल्ड चेन असिष्टेण्ट /हे.अ.वा सो सरह | स्वास्थ्य | हे.ई | ४/५/६ | १ |
| १२. | म.ई /.हे.अ.वा सो सरह | स्वास्थ्य | हे.ई | ४/५/६ | १ |
| १३. | सहायक कम्प्युटर अपरेटर | प्रशासन | विविध | ४ | १ |
| १४. | हलुका सवारी चालक | ई | मे.इ | श्रेणीविहीन | १ |
| १५. | कार्यालय सहयोगी | प्रशासन | सा.प्र | श्रेणीविहीन | २ |
| | जम्मा | | | | २० |

**स्वीकृत दरबन्दीः २०**
**पदपूर्तिः ११**
**करारः १२**

**जनस्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण**

| **क्र.स.** | **कर्मचारीको नाम थर** | **पद** |
|---|---|---|
| १. | किरण श्रेष्ठ | जनस्वास्थ्य प्रशासक |
| २. | लक्ष्मण घिमिरे | जनस्वास्थ्य अधिकृत |
| ३. | बासुदेव रिमाल | जनस्वास्थ्य निरीक्षक |
| ४. | उर्मिला आचार्य | मलेरिया इन्सपेक्टर |
| ५. | कान्जय कुमार चौधरी | ल्याब टेक्निसियन अधिकृत |
| ६. | मनिर आलम अन्सारी | कोल्डचेन निरीक्षक अधिकृत |
| ७. | धन लक्ष्मी श्रेष्ठ | हेल्थ असिस्टेन्ट |
| ८. | अनिता न्यौपाने | लेखापाल |
| ९. | अम्बिका कुमारी | पब्लिक हेल्थ नर्स |
| १०. | गोमा राना मगर | स्टाफ नर्स |
| ११. | मान बहादुर मुक्तान | ह.स.चा. |
| | करार | |
| १२. | रीया बज्राचार्य | जनस्वास्थ्य अधिकृत |
| १३. | सर्मपण अधिकारी | जनस्वास्थ्य अधिकृत |
| १४. | बिनिता बस्नेत | नर्सिङ्ग अधिकृत |
| १५. | आयूष्मा दाहाल | नर्सिङ्क अधिकृत |
| १६. | रन्जना काफ्ले | नर्सिङ्क अधिकृत |
| १७. | प्रिन्शु दाहाल | जनस्वास्थ्य अधिकृत |
| १८. | ऋत्विज आचार्य | जनस्वास्थ्य अधिकृत |
| १९. | अनु भुसाल | सहायक कम्प्युटर अपरेटर |
| २०. | गिता पुडासैनी | कार्यालय सहयोगी |
| २१. | विष्णुदत्त भट्ट | कार्यालय सहयोगी |

| | | |
|---|---|---|
| २२. | लक्ष्मी मुडभरी | कार्यालय सहयोगी |
| २३. | बनिया देवी थरुनी | सरसफाइकर्मी |

**जनस्वास्थ्य कार्यालयको कार्यविवरण**

**समुदाय स्वास्थ्य व्यवस्थापन शाखाः**

- कार्यक्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह भइरहेका परिवार कल्याण, बालस्वास्थ्य, खोप, स्वास्थ्य सूचना व्यवस्थापनजस्ता कार्यक्रम तथा सेवाको गुणस्तर सुधारको योजना तयार गर्ने र कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था गर्न पहल गर्ने।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मार्फत उपलब्ध तथ्याङ्क/सूचनाहरूको खण्डीकृत विश्लेषण गरी भौगोलिक, लैङ्गिक, आर्थिक, जातीय, सामाजिक विशेषताका आधारमा स्वास्थ्य सेवाको पहुँच तथा उपयोगको अवस्था पहिचान गर्ने।
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवा सम्बन्धी ऐन, नियम, प्रोटोकल, निर्देशिका, कार्यविधिको कार्यान्वयन गर्न सहजीकरण गर्ने।
- स्थानीय तहको स्वास्थ्य योजना तर्जुमा र कार्यान्वयनमा प्राविधिक सहयोग र सहजीकरण गर्ने।
- जिल्ला भित्रका स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्ने।
- जिल्ला स्वास्थ्य पार्श्वचित्र (District Health Profile) तयार गर्ने।
- कार्यक्षेत्र भित्रका स्थानीय तहहरू तथा स्वास्थ्य संस्थाहरूबाट तोकिएको समयमा (मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा) स्वास्थ्य सेवासम्बन्धी प्रतिवेदनहरू DHIS2 र एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीका अन्य सफ्टवेयरमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने।
- प्रदेश तथा स्थानीय तहमा सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरूलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender equality and social inclusion) संवेदनशील बनाउनका लागि आवश्यक पहल, सहजीकरण र समन्वय गर्ने।
- स्थानीय तहसँगको समन्वयमा कार्यक्षेत्रभित्रका सार्वजनिक, निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरूको सुपरीवेक्षण, अनुगमन गरी स्वास्थ्य सेवा प्रवाहमा सुधार गर्नका लागि आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने।
- जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन,सूचना प्रणालीको सञ्चालन, विश्लेषण र पृष्ठपोषण गर्ने, क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने।
- जनस्वास्थ्यसँग सम्बन्धित विभिन्न अभियानहरु सञ्चालन गर्ने।
- स्वास्थ्य शिविर सञ्चालन अनुमितसम्बन्धी कार्य गर्ने।
- जिल्ला कोल्डरुमका साथै स्थानीय तहका कोल्डचेन सब स्टोर र स्वास्थ्य संस्थामा खोप तथा खोपजन्य सामाग्रीहरुको सुरक्षित भण्डारण, आपूर्ति व्यवस्थापन, अभिलेख तथा प्रतिवेदनसम्बन्धी कार्य गर्ने।
- कार्यक्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) बमोजिम कार्यान्वयन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्ने।

**स्वास्थ्य संस्था नियमन तथा रोग नियन्त्रण शाखाः**

- स्वास्थ्य प्रवर्धन, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार, स्वास्थ्य संस्था नियमन, रोग नियन्त्रण जस्ता कार्यक्रम तथा सेवाहरूको अवस्था विश्लेषण गरी योजना, कार्यान्वयन र अनुगमन गर्ने।
- जनस्वास्थ्य विपद् तथा महामारीजन्य रोगको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यका लागि योजना तर्जुमा, सर्भिलेन्स र यसको व्यवस्थापन सम्बन्धी कार्यको लागि समन्वय, सहयोग र सहजीकरण गर्ने।
- स्वास्थ्य कार्यालयको स्वीकृत वार्षिक सुपरीवेक्षण/अनुगमन कार्ययोजना बमोजिम कार्यक्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूको सुपरीवेक्षण/अनुगमन गरि तथ्याङ्कको अभिलेख, प्रतिवेदन तथा गुणस्तर सुधारका लागि आवश्यक पृष्ठपोषण दिने।
- स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी कार्यक्षेत्र भित्रका स्थानीय स्वास्थ्य संस्थाहरूलाई सरुवा र नसर्ने रोगहरूको परीक्षण तथा निदानका लागि आवश्यक पर्ने सामग्रीको वितरण गर्ने, प्रयोगशाला सेवाको गुणस्तर नियन्त्रणसम्बन्धी कार्य गर्ने र सहजीकरण गर्ने
- स्वास्थ्य प्रवर्धन, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार, स्वास्थ्य संस्था नियमन, रोग नियन्त्रण जस्ता कार्यक्रमहरूमा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्ने।
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड कार्यान्वयनमा सहजीकरण
- सूर्तिजन्य, मदिराजन्य र लागुपदार्थको प्रचलित कानूनबमोजिम नियन्त्रण, नियमन तथा पैरवी सम्बन्धी कार्य गर्ने ।
- व्यवहार परिवर्तन सञ्चार सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने र स्थानीय तहमा समेत कार्यान्वयन गर्नका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि सहजीकरण गर्ने ।
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी कार्यहरू गर्ने।

**प्रशासन तथा आर्थिक प्रशासन शाखाः**

- कार्यालयको कर्मचारीहरुको कार्यविवरण अनुसारको जिम्मेवारीको बाँडफाँट गर्ने र कार्यविवरण अनुसारका सम्पुर्ण कार्यहरु गर्ने
- आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, बिदा, रमाना, पालो पहरा र खटनपटनको व्यवस्थापन गर्ने।
- लेखापरीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने र बेरुजु फछ्र्यौट गर्न प्रमाण जुटाई पेश गर्ने ।
- कार्यालयमा कार्यरत कर्मचारीको व्यक्तिगत फाइल अद्यावधिक, अभिलेख व्यवस्थापन गर्ने वा गर्न लगाउने।
- निकासा भएको रकमको खर्चको हिसाव किताव रीतपूर्वक राख्ने, खर्चको फाटवारी तथा आर्थिक विवरण तयार गर्ने ।
- कार्यालय भवन, परिसर, सवारी साधनहरूको मर्मतसम्भार तथा व्यवस्थापन गर्ने ।

- आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरीक्षण तथा प्रतिवेदन सम्बन्धी कार्यहरू गर्ने ।
- जिन्सी समानको लिलाम विक्री तथा मिनाहा सम्बन्धि कार्य गर्ने।
- आन्तरिक नियन्त्रण प्रणाली स्थापना तथा सञ्चालन गर्ने।

## ४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, शाखा/इकाइ र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

### जनस्वास्थ्य कार्यालय, मकवानपुर

### नागरिक बडापत्र

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्त गर्दाको प्रक्रिया/विवरण/पेस गर्नुपर्ने कागजातहरू | सेवा प्राप्त गर्न लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा/इकाइ | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | सामान्य प्रशासन | आवश्यक निवेदन/पत्र र कागजातसहित सामान्य प्रशासन इकाइमा सम्पर्क गर्नुपर्ने | निःशुल्क/ तोकिएबमोजिम | कार्यालय समयमा | सहायक/अधिकृत (५/६)<br>सामान्य प्रशासन इकाइ | कार्यालय प्रमुख |
| २ | औषधी/उपकरण आपूर्तिसम्बन्धी कार्य | स्थानीय तह/स्वास्थ्य संस्थाको माग र मौज्दातका आधारमा वितरण | निःशुल्क | कार्यालय समयमा | सहायक/अधिकृत (५/६)<br>सामान्य प्रशासन इकाइ | कार्यालय प्रमुख |
| ३ | आर्थिक प्रशासन | आवश्यक निवेदन/पत्र/कागजातसहित आर्थिक प्रशासन इकाइमा सम्पर्क गर्नुपर्ने | निःशुल्क/ तोकिएबमोजिम | कार्यालय समयमा | सहायक/अधिकृत (५/६)<br>आर्थिक प्रशासन इकाइ | कार्यालय प्रमुख |
| ४ | खोप सेवा | राष्ट्रिय खोप कार्यक्रमअन्तर्गतका खोप सेवाहरू MCH Clinic मार्फत प्रदान गरिने | निःशुल्क | कार्यालय समयमा | स्टाफ नर्स<br>परिवार कल्याण तथा नर्सिङ इकाइ | कार्यालय प्रमुख |
| ५ | गर्भजाँच, सुत्केरी जाँच र परिवार योजना सेवा | राष्ट्रिय प्रोटोकलअनुसारका सेवा MCH Clinic मार्फत प्रदान गरिने | निःशुल्क | कार्यालय समयमा | स्टाफ नर्स<br>परिवार कल्याण तथा नर्सिङ इकाइ | कार्यालय प्रमुख |
| ६ | प्रजनन् स्वास्थ्य कार्यक्रम | सुरक्षित मातृत्व, परिवार योजना, किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्यको योजना तर्जुमा, तालिम/अभिमुखीकरण सञ्चालन, समीक्षा, अनुगमन, प्राविधिक सहयोग | निःशुल्क | नियमित र तालिकाअनुसार | पब्लिक हेल्थ नर्स/नि./अ.<br>परिवार कल्याण तथा नर्सिङ इकाइ | कार्यालय प्रमुख |
| ७ | खोप वितरण | सम्बन्धित स्थानीय तह/स्वास्थ्य संस्थाको माग फाराम र दाखिला प्रतिवेदन | निःशुल्क | तालिकाअनुसार | कोल्डचेन स./नि.<br>बालस्वास्थ्य तथा खोप इकाइ | कार्यालय प्रमुख |
| ८ | राष्ट्रिय खोप कार्यक्रम | योजना तर्जुमा, सूक्ष्मयोजना तयारी, तालिम सञ्चालन, अभियान सञ्चालन, खोपजन्य रोगहरूको निगरानी तथा प्रतिकार्य, समीक्षा, अनुगमन, प्राविधिक सहयोग | निःशुल्क | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>बालस्वास्थ्य तथा खोप इकाइ | कार्यालय प्रमुख |
| ९ | नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम | योजना तर्जुमा, तालिम/अभिमुखीकरण सञ्चालन, समीक्षा, अनुगमन, प्राविधिक सहयोग | निःशुल्क | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>बालस्वास्थ्य तथा खोप इकाइ | कार्यालय प्रमुख |
| १० | पोषण कार्यक्रम | योजना तर्जुमा, तालिम/अभिमुखीकरण सञ्चालन, समीक्षा, अनुगमन, प्राविधिक सहयोग | निःशुल्क | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>बालस्वास्थ्य तथा खोप इकाइ | कार्यालय प्रमुख |
| ११ | क्षयरोग तथा कुष्ठरोग नियन्त्रण र इपिडिमियोलोजी, महामारी तथा रोग नियन्त्रण र मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम | योजना तर्जुमा, तालिम/अभिमुखीकरण सञ्चालन, समीक्षा, अनुगमन, प्राविधिक सहयोग, रोग निगरानी तथा प्रतिकार्य | निःशुल्क | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन इकाइ | कार्यालय प्रमुख |
| १२ | औलो, कालाजार तथा अन्य उष्णप्रदेशीय रोग नियन्त्रण कार्यक्रम | योजना तर्जुमा, तालिम/अभिमुखीकरण सञ्चालन, समीक्षा, अनुगमन, प्राविधिक सहयोग, रोग निगरानी तथा प्रतिकार्य | निःशुल्क | नियमित र तालिकाअनुसार | मलेरिया इन्स्पेक्टर/नि./अ.<br>रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन इकाइ | कार्यालय प्रमुख |
| १३ | प्रयोगशालासम्बन्धी कार्य | स्थानीय तहहरूबाट प्राप्त क्षयरोग, औलोसम्बन्धी नमुना र खानेपानीको गुणस्तर परीक्षण, प्रयोगशाला सेवासम्बन्धी तालिम/अभिमुखीकरण, समीक्षा, प्राविधिक सहयोग, अनुगमन | निःशुल्क | नियमित र तालिकाअनुसार | ल्याब टेक्निसियन/नि./अ.<br>रोग नियन्त्रण तथा स्वास्थ्य प्रवर्धन इकाइ | कार्यालय प्रमुख |
| १४ | स्वास्थ्य संस्थाको इजाजत, नवीकरण, सिफारिस, अनुगमन तथा नियमनसम्बन्धी कार्य | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ र सम्बन्धित नियम, मापदण्डले तोकेबमोजिम | तोकिएबमोजिम | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>स्वास्थ्य संस्था अनुगमन तथा नियमन इकाइ | कार्यालय प्रमुख |
| १५ | एम्बुलेन्स सेवासम्बन्धी कार्य | राष्ट्रिय एम्बुलेन्स सेवा निर्देशिकामा तोकिएबमोजिम | निःशुल्क/ तोकिएबमोजिम | नियमित | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>स्वास्थ्य संस्था अनुगमन तथा नियमन इकाइ | कार्यालय प्रमुख |
| १६ | न्यूनतम सेवा मापदण्ड (MSS) | स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (MSS) मापन तथा समीक्षा | निःशुल्क | नियमित र तालिकाअनुसार | हेल्थ असिटेन्ट/ज.स्वा.नि./अ.<br>स्वास्थ्य संस्था अनुगमन तथा नियमन इकाइ | कार्यालय प्रमुख |
| १७ | तथ्याङ्कसम्बन्धी कार्य | विभिन्न स्वास्थ्य सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क तथा सूचना विश्लेषण, वार्षिक योजना, आवधिक समीक्षा, अनुगमन, सुपरीवेक्षण, प्राविधिक सहयोग | निःशुल्क | नियमित र तालिकाअनुसार | तथ्याङ्क अधिकृत<br>स्वास्थ्य सूचना व्यवस्थापन इकाइ | कार्यालय प्रमुख |
| १८ | कार्यालयमा हुने गतिविधिबारे सूचना उपलब्ध गराउने | सूचना माग गर्ने व्यक्ति वा निकायको आधिकारिक अनुरोध वा निवेदन | निःशुल्क/ तोकिएबमोजिम | कार्यालय समयमा | सूचना अधिकारी | कार्यालय प्रमुख |
| १९ | जनस्वास्थ्य सेवा सम्बन्धी कार्यका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायसँग समन्वय | जिल्ला जनस्वास्थ्य समन्वय समितिको बैठकबाट आवश्यक निर्णयका लागि प्रस्ताव पेस गर्ने | निःशुल्क | नियमित र तालिकाअनुसार | वरिष्ठ/जनस्वास्थ्य अधिकृत | कार्यालय प्रमुख |

कार्यालय प्रमुखको सम्पर्क: ९८५५०७१३०५
सूचना अधिकारीको सम्पर्क: ९८५५०७४३०५
कार्यालयको सम्पर्क: ०५७-५२०७१८
कार्यालयको वेबसाईट: phomakawanpur.bagamati.gov.np
कार्यालयको इमेल: phomakawanpur@bagamati.gov.np

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

तोकिएको कागजात प्राप्त भएपछि सम्बन्धित इकाइ/शाखा/कर्मचारीबाट पेस भई कार्यालय प्रमुखबाट निर्णय हुने

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख

## ७. सम्पादन गरेको कामको विवरण

२०८२ माघदेखि चैत्रसम्मको प्रगति विवरण

| क्र.स. | सम्पादित कामको विवरण | एकाइ | परिमाण | कैफियत (स्थान) |
|---|---|---|---|---|
| | **सेवा प्रवाह** | | | |
| १. | बच्चाहरूलाई दिइएको खोप | डोज | १५९२ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान-हेटौंडा अस्पतालको परिसरमा रहेको यस कार्यालयबाट सञ्चालन भइरहेको MCH Clinic मार्फत |
| २. | गर्भवती महिलालाई दिइएको टी.डी. खोप | डोज | ८२ | |
| ३. | गर्भवती जाँच पहिलो (जुनसुकै समयको) | सङ्ख्या | ४० | |
| ४. | परिवार नियोजनको अस्थायी साधन (नयाँ प्रयोगकर्ता-पिल्स र डिपो) | सङ्ख्या | २८ | |
| | **स्वास्थ्य व्यवस्थापन कार्यक्रम** | | | |
| १. | स्वास्थ्य कार्यालयमार्फत स्थानीय तहहरूको डाटा भेरिफिकेशन तथा भ्यालिडेसन एवम् गुणस्तर सुधार, अर्धवार्षिक एवम् बार्षिक समिक्षा साथै बार्षिक स्वास्थ्य प्रतिवेदन तयारी समेत | पटक | २ | इन्द्रसरोवर गा.पा. र भीमफेदी गा.पा. मा संस्थामा डाटा भेरिफिकेसन र भ्यालिडेसन |
| २. | नयाँ नियुक्त भएका, तालिम लिन छुट भएका एवम् प्रणाली डिजिटाईजेसन गर्न कर्मचारीहरूका लागि परिमार्जित एच एम आइ एस, इएचआइएमएस/DHIS2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | मकवानपुरगढी गा.पा. |

| परिवार कल्याण कार्यक्रम | | | | |
|---|---|---|---|---|
| १. | परिवार नियोजन र किशोर किशोरी स्वास्थ्य सेवा | | | |
| | एकीकृत परिवार योजना शिविर सञ्चालन अगावै अन्तरक्रिया | पटक | २ | हेटौंडा |
| | परिवार योजना सेवाको सुदृढीकरणः<br>स्याटलाइट क्लिनिक, २ दिने समीक्षात्मक बैठक, DMT/MEC अभिमुखीकरण कार्यक्रम | पटक | ४ | स्याटलाइट क्लिनिक- राक्सिराङ्ग गा.पा.-२ पटक (४० जना लाभान्वित- Implant Insertion & Removal)<br>समीक्षा बैठक- बकैया गा.पा<br>DMT/MEC अभिमुखीकरण- हेटौंडा |
| | स्थायी बन्ध्याकरण तथा लामो अवधिको परिवार योजना सेवा तथा जटिलता व्यवस्थापन | पटक | ३ | हेटौंडा (४० जना सेवाग्राही लाभान्वित) |
| | परिवार योजना सेवाको तथ्याङ्क सुदृढीकरण (Data Pro Orientation) | पटक | १ | हेटौंडा |
| २. | जिल्लास्तरमा ३ दिने नियमित खोप कार्यक्रम तथा खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल सम्बन्धि समिक्षा, नयाँ खोप तथा रोग बारेमा जानकारी, सरसफाई प्रवर्द्धन तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी सञ्चालन खर्च | ब्याच | ४ | हेटौंडा (३ ब्याच)<br>मकवानपुरगढी गा.पा. (१ ब्याच) |
| ३. | खोप तथा सरसफाई प्रवर्द्धन कार्यक्रम सुधारको लागि खोप केन्द्रस्थल तथा स्वास्थ्य संस्थाहरूमा अनसाइट कोचिङ तथा कार्यक्रम सहजिकरण, स्थलगत अनुगमन तथा सुपरिवेक्षण खर्च | पटक | २ | राक्सिराङ्ग गा.पा.<br>मनहरी गा.पा. |

| | | | | |
|---|---|---|---|---|
| ४. | नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालनको लागि सुक्ष्मयोजना, सरोकारवालाहरूसँग अन्तरकृया तथा बहस पैरवी लगायतका कृयाकलाप सञ्चालनको लागि व्यवस्थापन खर्च | | | |
| | नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालनको लागि सूक्ष्मयोजना, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा बहस पैरवी | पटक | १ | हेटौंडा |
| | HPV को खोप अभियान सम्बन्धी संचारकर्मीसँग बहस पैरवी | पटक | १ | हेटौंडा |
| | HPV खोप सम्बन्धी खोप समन्वय समितिको बैठक | पटक | १ | हेटौंडा |
| ५ | पोषण विशेष कार्यक्रम | | | |
| | पोषण कार्यक्रम अन्तर्गत Birthing Center मा कार्यरत नर्सिङ्ग कर्मचारीहरुका लागि स्तनपान परामर्शदाता तालिम | ब्याच | २ | हेटौंडा |
| | **उपचारात्मक सेवा कार्यक्रम** | | | |
| १. | उपचारात्मक सेवा सम्बन्धी स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रम<br>१. आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्दति (BHS STP) सम्बन्धी स्वास्थ्यकर्मीलाई अभिमुखीकरण २. स्वास्थ्यकर्मीहरुका लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमुखीकरण ३. स्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य सेवा केन्द्र) को न्यूनतम सेवा मापदण्ड सम्बन्धी समीक्षा, अनुगमन, पारस्परिक अवलोकन भ्रमण तथा सुदृढीकरण ४. आधारभूत औषधीको Quantification तथा Forecasting | | | |
| | स्वास्थ्यकर्मीहरूका लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्यसम्बन्धी प्राथमिक उपचार बारे अभिमुखीकरण | ब्याच | २ | हेटौंडामा अभिमुखीकरण |
| | आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (BHS STP) सम्बन्धी स्वास्थ्यकर्मीलाइ अभिमुखीकरण | ब्याच | २ | हेटौंडामा अभिमुखीकरण |
| | स्वास्थ्य संस्थाको Minimum Service Standard (MSS) अनुगमन तथा गुणस्तर मापन कार्यक्रम | स्वास्थ्य संस्था | ११ | मकवानपुरगढी गा.पा., भीमफेदी गा.पा., बागमती गा.पा., कैलाश गा.पा., |

| | | | | |
|---|---|---|---|---|
| | | | | बकैया गा.पा., इन्द्रसरोवर गा.पा. र मनहरी गा.पा. |
| | स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड सम्बन्धी परास्परिक अवलोकन भ्रमण तथा सुदृढीकरण कार्यक्रम | पटक | १ | सिन्धुली जिल्ला- मरिण आधारभूत अस्पताल र जनस्वास्थ्य कार्यालय सिन्धुली |
| **क्षयरोग नियन्त्रण कार्यक्रम** | | | | |
| १. | जिल्लास्तर क्षयरोग (DS / DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम | पटक | १ | भीमफेदी गा.पा. |
| २. | क्षयरोग आधारभूत तथा पुनर्ताजगी तालिम | पटक | २ | बकैया गा.पा. र हेटौंडा उ.म.न.पा. मा पुनर्ताजगी तालिम |
| ३. | जिल्लाबाट पालिका सम्म औषधि, ल्याब सामाग्री तथा अन्य बस्तु ढुवानी, विश्व क्षयरोग दिवस मनाउने र सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण तथा अनुगमन, क्षयरोग मुक्त अभियान समेत, सुपरभाइजरद्वारा ल्याव गुणस्तर सुधार, क्युसीका लागि LQAS विधिबाट स्लाइड संकलन | पटक | १ | बकैया गा.पा. मा क्षयरोगको Onsite Coaching कार्यक्रम |
| **एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम** | | | | |
| १. | HIV सम्बन्धी लाञ्छना तथा भेदभाव घटाउन स्कूलहरुमा अभिमुखीकरण कार्यक्रम | पटक | ४ | कैलाश गा.पा.-१<br>मनहरी गा.पा.-१<br>बकैया गा.पा.-१<br>हेटौंडा उ.म.न.पा.-१ |
| २. | HIV सम्बन्धी लाञ्छना तथा भेदभाव कम गर्न जनप्रतिनिधि, पत्रकार, प्रहरी, एचआईभी सङ्क्रमित तथा मुख्य जोखिम समूहमा अभिमुखीकरण | पटक | १ | स्वास्थ्य निर्देशनालय |

| | | | | |
|---|---|---|---|---|
| | **महामारी रोग नियन्त्रण कार्यक्रम** | | | |
| १. | कालाजारको केस बेस सर्भिलेन्स, कालाजार बिरामीको उपचारका लागि अस्पतालहरूमा आउने बिरामीहरूको यातायात र निदान खर्च वापत सोधभर्ना (बिरामीको यातायात खर्च रु. २००० र निदानका लागि सोधभर्ना रु. ५०००) | | | |
| | कालाजार केश बेश सर्भेलेन्स | पटक | ४ | बकैया गा.पा., मनहरी गा.पा., मकवानपुरगढी गा.पा. र बागमती गा.पा. |
| | कालाजार बिरामीको उपचारका लागि अस्पतालहरुमा आउने बिरामीहरुको यातायात र निदान खर्च बापत सोधभर्ना | जना | ६ | ६ जनालाई यातायात खर्च रु.२००० का दरले प्रदान गरिएको |
| २. | औलो खोजपड्ताल, Foci अनुसन्धान तथा प्रतिकार्य | पटक | २ | हेटौंडा उ.म.न.पा. र भीमफेदी गा.पा. मा औलो खोजपडताल, Foci अनुसन्धान तथा प्रतिकार्य |
| | **नर्सिङ्ग तथा सामाजिक सेवा कार्यक्रम** | | | |
| १. | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तथा पुनर्ताजगी तालिम | पटक | १ | कैलाश गा.पा. मा १२ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिम |
| | **जनस्वास्थ्य कार्यालयहरु (प्रदेश सरकार)** | | | |
| १. | स्वास्थ्य शिक्षा, सुचना, सञ्चार तथा पैरवी कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य दिवस, स्वास्थ्य सन्देश प्रसारण/प्रकाशन, पत्रकार अन्तरक्रिया कार्यक्रम | महिना | ३ | जनस्वास्थ्य कार्यालयले विभिन्न जनस्वास्थ्य सम्बन्धी सूचनाहरु नियमित रुपमा प्रकाशन/प्रसारण गरिरहेको |
| २. | DHIS-2, HMIS, EWARS, SORMAS लगायतका स्वास्थ्य सुचना प्रणालीलगायतको क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोग कार्यक्रम | पटक | १ | हेटौंडामा अभिमुखीकरण |
| ३. | एक जिल्ला एक स्वस्थ सहर कार्यक्रम | पटक | १ | हेटौंडा उप.म.न.पा. मा नगरस्तरीय समिति बैठक तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | अभिमुखीकरण कार्यक्रम |
| ४. | स्वास्थ्य संस्थाको इजाजत, नवीकरण, सिफारिस, अनुगमन तथा नियमनसम्बन्धी कार्य | पटक | १ | हेटौंडा उप.म.न.पा.मा रहेको एक पोलिक्लिनिकको नवीकरण गरिएको |
| ५. | एकीकृत जनस्वास्थ्य तथा पोषण अभियान सहितको विशेषज्ञ शिविर कार्यक्रम | पटक | १ | मकवानपुरगढी गा.पा. (४२८ जना लाभान्वित) |
| ६. | मदिरापानविरुद्ध सचेतना तथा सूर्तिजन्य पदार्थको नियन्त्रणका लागि नियमन, समीक्षा र सहजीकरण | पटक | १ | बागमती गा.पा. मा अभिमुखीकरण |
| ७. | सडक दुर्घटना (RTA) रोकथाम तथा न्यूनीकरण र एम्बुलेन्स व्यवस्थापन कार्यक्रम | पटक | २ | मनहरी र भीमफेदी गा.पा. मा सवारी चालकहरुको स्वास्थ्य परीक्षण तथा लागू पदार्थ सेवन चेकजाँच |
| ८. | क्षयरोग, कुष्ठरोग, अपाङ्गता, HIV/AIDS नियन्त्रण सुदृढीकरण कार्यक्रम | पटक | १ | सबै स्थानीय तहमा TB QA/QC गरिएको |
| ९. | जनस्वास्थ्य निगरानी (खोपबाट बचाउन सकिने रोगहरु, खानेपानी लगायत कार्यक्रम) | पटक | ४ | थाहा न.पा., इन्द्रसरोवर गा.पा., मनहरी गा.पा. र हेटौंडा उ.म.न.पा. बाट सङ्कलन भएको खानेपानी नमुनाको गुणस्तर परीक्षण |
| १०. | महिलाहरूमा हुन सक्ने अब्स्ट्रेटिक फिस्टुला, पाठेघर खस्ने समस्या लगायतका प्रजनन् स्वास्थ्य रूग्णताको जाँच शिविर तथा व्यवस्थापन कार्यक्रम | पटक | १ | मनहरी गा.पा. मा प्रजनन् स्वास्थ्य रुग्णताको जाँच शिविर तथा व्यवस्थापन, स्वास्थ्य शिक्षा प्रदान-१११ जनालाई<br>स्क्रनिङ्ग (VIA द्वारा)- १११ जनालाई |

## ८. सूचना अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| कार्यलय प्रमुख | जनस्वास्थ्य प्रशासक किरण श्रेष्ठ |
| | ९८५५०७१३०५ |
| | kiran.shrestha@nepal.gov.np |
| सूचना अधिकारी | जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे |
| | ९८५५०७४३०५ |
| | lax560@gmail.com |

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची (मुख्य-मुख्य)

जनस्वास्थ्य कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित मुख्य मुख्य ऐन तथा नियमहरू निम्नानुसार छन्:

जनस्वास्थ्य सेवा ऐन, २०७५

जनस्वास्थ्य सेवा नियमावली, २०७७

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५

प्रदेश स्वास्थ्य सेवा नियमावली, २०७६

स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड, २०८१

एम्बुलेन्स सेवा निर्देशिका, २०८२

मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार) व्यवस्थापन कार्यविधि, २०७९

एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

यस आ.व.को तेस्रो त्रैमासिकसम्मको खर्च विवरण

विनियोजित वार्षिक बजेटः रु.५,८९,२५,९२०|-

तेस्रो त्रैमासिकसम्मको खर्चः रु. २,०४,६७,१२३|-

खर्च %: ३४.७३%

## ११. विगतमा कार्यालयले सञ्चालन गरेको कार्यक्रम

आ.व. २०८१/८२ मा सम्पादन भएका कार्यहरूको विवरण यस कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको

## १२. अन्य विवरण

कार्यालयसँग सम्बन्धित सूचनाहरू विभिन्न सञ्चारमाध्यम, वेबसाइट, पत्रकार अन्तरक्रिया, कार्यालयको आधिकारिक फेसबुक पेज, सूचना अधिकारी आदिबाट प्रकाशन र प्रवाह गर्ने गरेको।

# जनस्वास्थ्य कार्यालय, मकवानपुर


हेटौंडा, नेपाल

फोनः ०५७-५२०७१८

ईमेलः **phomakawanpur@bagamati.gov.np**

वेबसाईटः **https://phomakawanpur.bagamati.gov.np**

फेसबुकः **https://www.facebook.com/phomakawanpur**